PRO PUBLIC
PRO BONO PUBLICO
# PRO PUBLIC जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref:

**मितिः २०७५ जेष्ठ १ गते**

# सूचना

यस जनहित संरक्षण मञ्च (प्रो पब्लिक) को काठमाण्डौको कुलेश्वर आवास क्षेत्रभित्र रहेको २०६.५५ बर्ग मिटर क्षेत्रफलको जग्गामा निर्माण हुन लागेको बेसमेन्ट र अन्य चार तल्लासहितको भवनको नियमित प्राबिधिक सुपरिबेक्षणका साथै यसको गुणस्तरियताको सुनिश्चिततताका लागि आवश्यक प्राबिधिक रायसुझाव प्रदान गर्नका निमित्त एक ईन्जिनियरलाई भवन निर्माण अवधिभर परामर्शदाताको रुपमा नियुक्ति गर्नुपर्ने भएको हुनाले ईच्छुक ईन्जिनियर/फर्मबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो अपेक्षित मासिक शुल्कसमेत उल्लेख गरी आफ्नो बैयक्तिक विवरण र कार्य अनुभवलाई प्रतिविम्ब गर्ने कागजातहरू सहित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**मूख्य जिम्मेवारीः**

- भवन निर्माणको अवधिभर नियमिति रुपमा ***(एक दिन बिराएर हप्ताको ३ दिन)*** निर्माण कार्यको सुपरिबेक्षण गरी प्राबिधिक गुणस्तरियता र नक्शाबमोजिमको निर्माण कार्य सुनिश्चित हुने गरी निर्माण कम्पनिलाई आवश्यक दिशानिर्देश र पृष्ठपोषणहरू प्रदान गर्ने ।

- भवन निर्माणमा प्रयोग भएका सामग्रिहरूको गुणस्तरियता नियन्त्रणका लागि कम्पनी र प्रो पब्लिककका बिचमा सम्पन्न भएको सम्झौता पत्रको आधारमा गुणस्तरियता कायम भए नभएको पक्षलाई सुपरिवेक्षण गरी त्यसको सुनिश्चितता गर्ने ।

- प्रो पब्लिकको व्यवस्थापन समिति र कार्यकारी समतिका पदाधिकारी तथा सदस्यहरूसँग आवश्यक्ताअनुसार छलफल तथा बैठकहरू गरी भवन निर्माणसम्बन्धि प्राबिधिक पक्षहरूमा आवश्यक राय सुझाव तथा सहयोग उपलब्ध गराउने ।

- भवन निर्माण अवधिमा आउने अन्य प्राबिधिक पक्षहरूका बारेमा प्रो पब्लिक र निर्माण कम्पनिलाई आवश्यक्ता अनुसार दिशानिर्देश र सहजिकरण गर्ने ।

**निवेदन पेश गर्ने ठेगाना**
जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
पोष्ट बक्स नं. १४३०७
लिकमार्ग, कुलेश्वर, काठमाण्डौ
फोन नं. ०१ - ४२८३४६९, ९८४१६२२२८७